# मनाङ डिस्याङ गाउँपालिकाको विनियोजन ऐन, २०८३

मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम विनियोजन गर्ने र खर्च गर्ने सम्बन्धमा बनेको ऐन।

गाउँसभामा पेश भएको मितिः २०८३/०३/१०

प्रस्तावना : मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले

नेपालको संविधानको धारा २२९ को उपधारा(२) बमोजिम मनाङ डिस्याङ गाउँकार्यपालिकाले यो ऐन बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः

१.यस ऐनको नामः मनाङ डिस्याङ गाउँपालिकाको आर्थिक तथा विनियोजित ऐन, २०८३ रहेको छ ।

२.आर्थिक वर्ष २०८३/८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः

आर्थिक वर्ष २०८३/८४ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसुचीमा उल्लिखित चालु खर्च तथा पूँजिगत खर्चको रकम गरि जम्मा रकम रु ३०,८३,४२,०००।–( अक्षरुपी रु तिस करोड त्रियसी लाख बयालिस हजार मात्र)

निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्ने गरी स्वीकृत गरिएकोमा संघ, प्रदेशबाट विभिन्न शिर्षकमा प्राप्त रकमलाई गाउँपालिकाको गाउँसभाबाट स्वीकृत गर्नुपर्ने भएकोले संघीय सरकारबाट सशर्त अनुदान तर्फ रु ८,३९,००,०००।–(अक्षरुपी रु आठ करोड उन्चालिस लाख मात्र), समानिकरण अनुदान तर्फ रु ७,४५,००,०००।– (अक्षरुपी रु सात करोड पैंचालिस लाख मात्र), समपुरक अनुदान तर्फ रु ७०,००,०००।– (अक्षरुपी रु सत्तरी लाख मात्र), विशेष अनुदान रु ९०,००,०००।– (अक्षरुपी रु नव्बे लाख मात्र) र राजश्व बाँडफाँटबाट रु ९,१५,७१,०००।– (अक्षरुपी रु नौ करोड पन्ध्र लाख एकहत्तर हजार मात्र) गरि रु २६,५९,७१,०००।– (अक्षरुपी रु

कान्छा घले
अध्यक्ष

छब्बिस करोड उन्साठी लाख एकहत्तर हजार मात्र), प्रदेश सरकारबाट समानिकरण अनुदान तर्फ रु ६१,८६,०००।– (अक्षरुपी रु एकसट्ठी लाख छयासि हजार मात्र), समपुरक अनुदान प्रदेश सरकार रु ६०,००,०००।– (अक्षरुपी रु साठी लाख मात्र), विशेष अनुदान प्रदेश सरकार रु ४०,००,०००।– (अक्षरुपी रु चालिस लाख मात्र) र राजस्व बाडफाँडबाट रु ४४,२८,७६९.६०।–(अक्षरुपी रु चौवालिस लाख अट्ठाइस हजार सात सय उन्सत्तरि र साठी मात्र) गरि रु २,०६,१४,७६९.६।– (अक्षरुपी रु दुई करोड छ लाख चौध हजार सात सय उन्सत्तरी र साठी मात्र) र आन्तरिक राजश्व र दहत्तर बहत्तर गरि आन्तरिक आम्दानी तर्फको अनुमानित रकम रु ७०,००,०००।–(अक्षरुपी रु सत्तरी लाख मात्र) र गत वर्षको अनुमानित बचत रकम रु १,४७,५६,२३०.४०।–(अक्षरुपी रु एक करोड सरचालिस लाख छप्पन्न हजार दुई सय तिस र चालिस मात्र) गरि रु ३०,८३,४२,०००।–(अक्षरुपी रु तिस करोड त्रियासी लाख बयालिस हजार मात्र) गाउँपालिकाको संचित कोषबाट खर्च गर्न सकिने छ ।

३.विनियोजन:

१. यस ऐनद्धारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त मनाङ डिस्याङ गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त तोकिएको खर्च शिर्षकमा विनियोजन गरिने छ ।

२.उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शिर्षकमा बचत हुने र कुनै शिर्षकमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न सकिने तथा यस ऐन व्यवस्था नभएको नयाँ कुनै अत्यावश्यक सेवा तथा कार्यमा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च शीर्षकमा विनियोजित रकम अन्य चालु खर्च शीर्षकतर्फ सार्न सकिने छैन ।

३.बचाउ:

कान्छी घले
अध्यक्ष

यस ऐन लागु हुनभन्दा अघि मनाङ डिस्याङ गाउँपालिकाको गाउँ सभाद्धारा पारित बजेट तथा कार्यक्रमको कार्यान्वयनका लागि गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ.व. २०८३/०८४ मा भए गरेका निर्णय तथा कार्यहरु यसै कानून बमोजिम भएको मानिने छ । यसमा नपरेका विषय र प्रावधानहरु मनाङ डिस्याङ गाउँपालिकाको विनियोजन ऐन, २०८३ तथा आर्थिक ऐन, २०८३ बमोजिम नै हुन्छन ।

कान्छा घले
अध्यक्ष